# स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ९ संख्या : २ मिति २०८२/०३/१०

## भाग-१

## जानकी गाउँपालिकाको

## खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

प्रमाणीकरण मिति : २०८२/०३/०७

**प्रस्तावना :**

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरीकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्तिका लागि सहज र छिटो रूपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ बमोजिम जानकी गाउँपालिकाले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:(१) यस ऐनको नाम जानकी गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८२ रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा २७ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्दछ ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्दछ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रूपमा सामूहिक हितका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्दछ ।

(च) "खानेपानी, उपभोक्ता तथा सरसफाइ समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरूले उपभोक्ता संस्थाको रूपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) "खानेपानी सेवा" भन्नाले तोकिएको मापदण्ड अनुरूप खानेपानीको सञ्चय, स्थानान्तरण तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले थोक, ट्याङ्कर वा बोतलबन्दी रूपमा खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले सार्वजनिक रूपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरूले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक संस्थाहरूले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ञ) "खानेपानी" भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनु पर्दछ र सो शब्दले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैवीक र रसायनिक पदार्थहरू नरहेको पानी समेतलाई जनाउँदछ ।

(ट) "गाउँपालिका" भन्नाले जानकी गाउँपालिका सम्झनु पर्दछ ।

(ठ) "घरेलु उपयोग" भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरीने खानेपानीको उपयोग सम्झनु पर्दछ ।

(ड) "ढल निकास" भन्नाले मानव मलमूत्र सहित वा रहित फोहोर पानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै सुरक्षित तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ढ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जानकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ण) "पानीको स्रोत" भन्नाले प्राकृतिक रूपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(त) "फोहोरपानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनु पर्दछ र सो शब्दले फोहोरपानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(थ) "मन्त्रालय" भन्नाले स्थानीय तह हेर्ने नेपाल सरकारको संघीय वा प्रादेशिक मन्त्रालय सम्झनु पर्दछ ।

(द) "शौचालय" भन्नाले मानव मलमूत्र सुरक्षित रूपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउँदछ ।



CamScanner

(ध) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्दछ ।

(न) "सरसफाइ सेवा" भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँदछ ।

(न्) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(प) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा र स्वच्छता सम्बन्धी सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता समिति, संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्दछ ।

(फ) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरीएको वा अनुमतिपत्रमा उल्लेख गरीएको क्षेत्र सम्झनु पर्दछ ।

(ब) "संगठित संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउँछ ।

(भ) "स्वच्छता" भन्नाले नियमित रूपमा शौचालयको प्रयोग गर्ने, नियमित रूपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने र घर भित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँदछ ।

## परिच्छेद-२

### खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार

३. खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार: (१) यस गाउँपालिकामा रहेका प्रत्येक नागरीकलाई विना भेदभाव स्वच्छ, सुरक्षित र प्रर्याप्त खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ।

(२) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन, परिपूर्ति र कार्यान्वयनका लागि गाउँपालिकाले संघीय तथा प्रदेश सरकार, अन्य स्थानीय तह र विकास साझेदार संस्थासँगको समन्वय, साझेदारी तथा सहकार्यमा कार्य गर्न सक्नेछ।

४. खानेपानीका स्रोत माथिको अधिकार: (१) गाउँपालिका क्षेत्र भित्र रहेका खानेपानीका स्रोतहरूको सदुपयोग र संरक्षण गर्ने अधिकार गाउँपालिकाको हुनेछ।

(२) गाउँपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गरीने छ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिंचाई, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ।

(४) यस ऐन तथा प्रचलित कानून बमोजिम कुनै उपभोक्ता संस्था वा समुदायले सामुदायिक हित हुनेगरी परम्परागत रूपमा वा उपभोक्ता संस्थाका माध्यमबाट घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ।

५. पानीको स्रोत तथा मुहानको संरक्षण: (१) खानेपानी तथा सरसफाइमा योगदानका लागि खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरीक, स्थानीय समुदाय, संघ संस्था र निकायको कर्तव्य हुनेछ।

(२) गाउँपालिकामा रहेका खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाको समन्वयमा देहाय बमोजिमका कार्यहरू गर्नु पर्नेछ :

(क) खानेपानीको स्रोत संरक्षणको लागि जलाधार, पानी निसुत भएर आउने मुलाधार, सिमसार र वन क्षेत्र संरक्षण गर्ने,

(ख) खानेपानीको मूल वा मुहानलाई दिगो बनाई राख्न नियमित रूपमा मर्मत सम्भार र सरसफाइ गर्ने,

(ग) खानेपानीको स्रोतलाई प्रदूषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(घ) खानेपानीको संरक्षण र समुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरूलाई सचेतना अभिवृद्धि गर्ने,

(ङ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा बहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरीचरण तथा आगलागी नियन्त्रण गर्न कृषकहरूलाई प्रोत्साहन गर्ने,

(च) खानेपानीको मुहान वा बहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने,

(छ) खानेपानीको स्रोत र बहाव प्रणालीमा हुने प्रदूषण नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने,

(ज) पानीको स्रोत सुक्न नदिन स्रोत परिसरमा बस्ती विकास गर्न नदिई, स्रोत वरिपरि रूख रोपी हरियाली कायम गर्नु पर्नेछ ।

(झ) पानीको स्रोत र मुहान संरक्षणका लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

(३) गाउँपालिकामा रहेका उपभोक्ता संस्थाले अन्य छिमेकी स्थानीय तहको क्षेत्रमा रहेको मुहान वा स्रोतबाट खानेपानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानेपानीको मुहान तथा स्रोत संरक्षणका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ ।

(४) व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो स्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमका कार्यहरू गर्नु पर्नेछ।

६. **भूमिगत पानीको उपयोग:** (१) भूमिगत पानीको उपयोगका लागि गाउँपालिकाले नेपाल सरकारले बनाएको मापदण्डको अधीनमा रही आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधीनमा रही व्यक्ति, उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले भूमिगत पानीको उपयोग गर्न सक्नेछन्।

## परिच्छेद-३

### खानेपानी सेवाको व्यवस्थापन

७. **खानेपानी प्रणाली र सुविधा स्तर :** (१) गाउँपालिकाबाट खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना कार्यान्वयन गर्दा आयोजना स्थलका महत्त्वपूर्ण सार्वजनिक स्थल र कार्यालय सहित एक घर एक धारा प्रणाली अवलम्बन गरिनेछ ।

(२) गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका उपभोक्ता संस्थाहरूले आपूर्ति गर्ने खानेपानीको सुविधास्तर निर्धारण गर्न सक्नेछ र यस प्रयोजनका लागि उपभोक्ता र सरोकारवालाहरूसँग छलफल गरी आवश्यक सूचकहरू निर्धारण गर्न सक्नेछ ।

८. **खानेपानी सेवाको सञ्चालन तथा व्यवस्थापन:** (१) गाउँपालिकाले खानेपानी तथा सरसफाइ सेवाको सञ्चालन तथा व्यवस्थापन गर्दा आफै वा आफ्नो स्वामित्व तथा नियन्त्रणमा रहेको संगठित संस्था मार्फत गर्नु गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खानेपानी तथा सरसफाइ सेवाको, सञ्चालन तथा व्यवस्थापनका लागि उपभोक्ता संस्थालाई प्राथमिकता दिइनेछ ।

(३) सेवा प्रदायक संस्थाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्दा अनियमितता गरेको वा तोकिए बमोजिम खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएको पाईएमा त्यस्तो उपभोक्ता संस्थालाई उपयुक्त समय तोकि सुधारका लागि निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको निर्देशन तोकिएको समय भित्र सुधार नगर्ने सेवा प्रदायक संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेका सेवा प्रणाली तथा संरचना गाउँपालिकाले आफै वा अन्य कुनै सेवा प्रदायक संस्था मार्फत सञ्चालन तथा व्यवस्थापन गर्न गराउन सक्नेछ ।

९. **खानेपानी तथा सरफाइ सेवा उपलब्ध गराउनु पर्ने:** (१) यस ऐन तथा प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन सेवा प्रदायकले आफ्नो सेवा क्षेत्र भित्रका खानेपानी उपभोक्ताहरूलाई नियमित र न्यायोचित रूपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि प्रकारको भेदभाव गर्न पाइने छैन ।



CS CamScanner

१०. खानेपानी सेवाको आपुर्तिमा बाधा सृजना गर्न नहुने: (१) कुनैपनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ ।

(२) खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित समुदायको परामर्श सहित गाउँपालिकाबाट सहमति लिनु पर्नेछ ।

(३) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्वारा सञ्चालित वा परम्परागत रूपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार समेत गर्नु पर्नेछ ।

११. सेवा बन्द गर्न सक्ने: (१) दफा १० मा जेसुकै लेखिएको भए तापनि काबु बाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवा प्रणालीबाट उपलब्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारू हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्व सूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्ता संस्थाले वैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था आफैंले निर्धारण गरेको समय तालिका बमोजिम नियमित रूपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने वा सेवाको दुरूपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नुपर्ने शर्तको उल्लघंन गर्ने उपभोक्ताको सेवा सम्बन्धित संस्थाले पूर्व सूचना दिई बन्द गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द भएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा सुचारू गरीदिन निवेदन दिएमा सम्बन्धित संस्थाले निर्धारण गरेको शुल्क लिई बन्द भएको सेवा पुनः तत्काल सुचारू गरीदिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम समेत भराई लिन सक्नेछ ।

१२. धारा तथा मिटर जडानः (१) यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्तले धारा तथा मिटर जडानको लागि सम्बन्धित सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले निर्धारित शुल्क लिई तत्काल नै धारा तथा मिटर जडान गरीदिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्राविधिक कारणले कुनै सेवा क्षेत्र भित्रका धाराहरूमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम खानेपानी सेवा उपलब्ध गराउदा समेत सम्बन्धित सेवा प्रदायकले गाउँपालिकाको स्वीकृतिमा शुल्क निर्धारण गर्न सक्नेछ ।

१३. उपयोग पश्चात पानीको व्यवस्थापनः (१) खानेपानी प्रयोजनका लागि निर्माण गरीएका कुनै पनि प्रकारका धाराहरूबाट पानी प्रयोग पश्चात खेर जाने पानीको उपयुक्त व्यवस्थापन गर्नु पर्नेछ ।

(२) खेर जाने पानीको व्यवस्थापनका लागि ढल निकास सेवा सञ्चालन गर्दा निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सकिनेछ ।

१४. निजी वा सार्वजनिक जग्गामा पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्ने : (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्यक्तिको निजी जग्गामा पाईप बिच्छ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग सहमति लिनु पर्नेछ ।



CamScanner

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि गाउँपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

१५. घर जग्गामा प्रवेश गर्न सक्ने: (१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको संस्थाको पदाधिकारी वा गाउँपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्व सूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरूपयोग वा सेवाको अनधिकृत उपयोग गरीरहेको छ भन्ने शङ्का लागेमा पर्याप्त आधार र कारण भएमा सो को लागि सूर्योदय देखि सूर्यास्त नभएसम्मको समयमा पूर्व सूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घरजग्गाधनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुदैन ।

१६. सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा : (१) खानेपानी तथा सरसफाइ आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा गाउँपालिका आफैले वा संघ तथा प्रदेशसंग समन्वय गरी आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरीएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

१७. खानेपानी आयोजना र संरचनाको हस्तान्तण: (१) यस गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सो सम्बन्धी संरचनाहरूको दिगो सञ्चालन व्यवस्थापनका लागि खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको रूपमा रहेका उपभोक्ता संस्था वा आफ्नो स्वामित्व वा नियन्त्रणमा रहेका संगठित संस्थालाई सञ्चालन तथा व्यवस्थापन सम्झौता गरी हस्तान्तरण गर्न सकिनेछ ।

(२) व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सो को संरचनाहरू उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भइ गाउँपालिकालाई हस्तान्तरण गरीएका आयोजना र सो को संरचनाहरू उपदफा (१) बमोजिम हस्तान्तरण गर्न सकिनेछ ।

(३) आयोजना हस्तान्तरण गर्दा आयोजनाको दिगोपन, खानेपानी तथा सरसफाइ सेवाको निरन्तरताको सुनिश्चितताका लागि सञ्चालन व्यवस्थापन शर्त, सेवा प्रदायक संस्थाको काम, कर्तव्य, अधिकार, जिम्मेवारी तथा कार्यसम्पादन सूचकहरू उल्लेख गरी सञ्चालन तथा व्यवस्थापन संझौता गरीनेछ ।

## परिच्छेद-४

### सरसफाइ तथा स्वच्छता

१८. शौचालय बनाउनु पर्ने : (१) गाउँपालिका क्षेत्रका सबै घर परिवार, सार्वजनिक सेवा प्रदायक कार्यालय, विद्यालय, व्यवसाय संचालकले अनिवार्य रूपमा सुरक्षित तथा व्यवस्थित शौचालय बनाउनु पर्नेछ ।

(२) मेला तथा हाट बजार लाग्ने स्थलमा सो को सञ्चालन तथा व्यवस्थापन गर्ने निकायले सार्वजनिक शौचालयको व्यवस्था गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले कार्यालय तथा विद्यालयको शौचालय र सार्वजनिक शौचालयको सञ्चालन तथा व्यवस्थापनको मापदण्ड र कार्यविधि बनाई लागु गर्नेछ ।

(४) यस दफा बमोजिम घरायसी शौचालय निर्माण गर्न नसक्ने विपन्न घरपरिवारका लागि गाउँपालिकाले अनुदानको व्यवस्था गर्न सक्नेछ ।

(५) गाउँपालिकाले शौचालयको पहुँच र गुणस्तर सुनिश्चित गर्न शौचालय सम्बन्धी मापदण्ड बनाई लागु गर्नेछ ।

(६) यस दफा बमोजिम शौचालयको निर्माण गर्दा प्रयोगकर्ता मैत्री भएको सुनिश्चित गर्नु पर्नेछ ।

१९. महिनावारी स्वच्छता कायम गर्ने : (१) महिनावारी भएको अवस्थामा प्रत्येक घरपरिवारले सुरक्षित आवास र सरसफाइ तथा स्वच्छतामा पहुँचको सुनिश्चित गर्नु पर्नेछ ।

(२) प्रत्येक संस्थागत शौचालयमा अनिवार्य सेनिटरी प्याडको उपलब्धता सहित सो को सुरक्षित विसर्जन गर्ने व्यवस्था भएको महिलाका लागि छुट्टै शौचालयको व्यवस्थापन गर्नु पर्नेछ ।

(३) विद्यालय समयमा विद्यालय अध्ययनरत छात्राको लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था गर्नु पर्नेछ ।

(४) कुनै पनि व्यक्ति तथा संस्थाले महिनावारी भएको समयमा शौचालयको प्रयोग गर्नबाट बन्देज गर्न पाइने छैन ।

२०. खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गर्ने : गाउँपालिकाले समग्र गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरी कार्यान्वयन गर्नेछ र यस्तो योजना तयार गर्दा सबैको सहभागिता तथा आवश्यकताको सुनिश्चितता गरीनेछ ।

## परिच्छेद-५

### फोहरमैला व्यवस्थापन

२१. फोहोरमैला व्यवस्थापन गर्ने दायित्व :(१) गाउँपालिका क्षेत्र भित्र फोहोरमैला व्यवस्थापन गर्ने गराउने दायित्व गाउँपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला वा औद्योगिक फोहोरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहोरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहोरमैला, स्वास्थ्य संस्थाजन्य फोहोरमैला, रासायनिक फोहोरमैला तथा औद्योगिक फोहोरमैला प्रशोधन गरी बाँकी रहेको फोहोरमैला तथा अन्य फोहोरमैलाको व्यवस्थापन गरी दिन गाउँपालिकालाई अनुरोध गरेमा वा गाउँपालिकाले निर्माण गरेको फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा गाउँपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहोरमैलाको व्यवस्थापन गरी दिन वा फोहोरमैला व्यवस्थापन स्थल प्रयोग गर्न दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको फोहोरमैला व्यवस्थापनका लागि गाउँपालिकाले छुट्टै कार्यविधि बनाई कार्यान्वयन गर्नेछ ।

(५) फोहोरमैला व्यवस्थापनको लागि अन्य स्थानीय तहहरूसंग समन्वय गरीने छ।

२२. मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व : (१) यस ऐन बमोजिम मानव मलमूत्रीय फोहोर व्यवस्थापन गर्ने दायित्व गाउँपालिकाको हुनेछ।

(२) कसैले पनि गाउँपालिकाबाट अनुमति नलिइ पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्ने, सङ्कलन गर्ने वा ढुवानी सम्बन्धी व्यावसायिक वा व्यापारिक रूपमा सेवा प्रदान गर्न पाउनेछैन।

(३) गाउँपालिकाले पिट र सेप्टिक ट्यांकी जस्ता संकलन ट्यांकीबाट दिसाजन्य लेदो खाली गर्ने, सेप्टिक संकलन वा ढुवानी सम्बन्धी सेवा व्यावसायिक वा व्यापारिक रूपमा प्रदान गर्न निजी क्षेत्रको सेवा प्रदायकलाई अनुमति प्रदान गर्न सक्नेछ।

(४) मानव मलमूत्रीय फोहोर व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ।

परिच्छेद-६

महसुल तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

२३. खानेपानी तथा सरसफाइ महसुल निर्धारण: (१) खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको रूपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले तोके बमोजिम हुनेछ।

(२) निर्धारण भएको महसुल गाउँपालिकाले स्वीकृत गरेपछि लागु हुने छ। संकलन भएको महशुल मध्ये तोकिए बमोजिमको रकम गाउँपालिकाको खानेपानी तथा सरसफाई कोषमा जम्मा गर्नुपर्ने छ।

(३) अनुमतिपत्र प्राप्त संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

२४. अन्य शुल्क लिन सक्ने: सेवा प्रदायक संस्थाले गाउँपालिकाको स्वीकृति लिई महसुल बाहेक खानेपानी सेवाको व्यवस्थापनका लागि अन्य सेवा शुल्क लिन सक्नेछ।

२५. मिनाहा वा छुट दिन सक्ने : कुनै दैवी प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, गरीब तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

२६. असुल उपर गर्न सक्ने : यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद-७

### अनुमतिपत्र सम्बन्धी व्यवस्था

२७. अनुमतिपत्र लिनुपर्ने: (१) यस गाउँपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने र खानेपानीको स्रोतको व्यावसायिक उपयोग गर्न चाहेमा तोकिए बमोजिम गाउँपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक रूपमा सामूहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ आयोजनाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने र उपभोक्ता संस्थाद्वारा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा कार्यालयले सो बमोजिमका कागजातहरू पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।

२८. अनुमतिपत्र दिनुपर्ने: (१) दफा २७ बमोजिम परेको निवेदनमा गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरू समेत उल्लेख गरी निवेदक संस्थालाई व्यापारिक, व्यावसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिनेछ र सो अवधि पश्चात् गाउँपालिकाले तोकेको दस्तुर बुझाई वार्षिक रूपमा अनुमतिपत्र नवीकरण गर्न सकिनेछ ।

(३) यो ऐन प्रारम्भ हुनु अगावै व्यावसायिक तथा औद्योगिक रूपमा खानेपानी उपयोग गरीरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

२९. **अनुमतिपत्र प्रदान नगरिने:** (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रूपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइरहेको क्षेत्रमा व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरीएको बसोवास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरीने छैन ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरीएको भए तापनि अनुमतिपत्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रूपमा खानेपानी सेवा आपूर्ति नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरीएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिनेछ ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रूपमा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्ने गरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिनेछैन ।

३०. **अनुमतिपत्र खारेज:** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले यस ऐन नियम विपरितको कुनै काम गरेमा वा सेवा उपलब्ध गर्दा वातावरण प्रतिकुल हुने भएमा वा नियमित रूपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमतिपत्रमा उल्लेखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा गाउँपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्था विद्यमान भए नभएको कुरा पहिचान गर्नका लागि गाउँपालिकाले अनुगमन समिति गठन गरी प्रतिवेदन तयार गर्न सक्नेछ।
(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा गाउँपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्न सक्नेछ।
(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

## परिच्छेद-८

### संरचनात्मक व्यवस्था

३१. खानेपानी सरसफाइ तथा स्वच्छता (WASH) व्यवस्थापन समितिको गठन : (१) गाउँपालिका स्तरमा देहाय बमोजिमको खानेपानी सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समिति रहनेछ।
(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
(ग) प्रमुख प्रशासकिय अधिकृत - सदस्य
(घ) वडा अध्यक्ष मध्ये मनोनित १ जना - सदस्य
(ङ) गाउँपालिका प्राविधिक शाखा प्रमुख एकजना - सदस्य
(च) शिक्षा शाखा प्रमुख -सदस्य
(छ) महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य
(ज) स्वास्थ्य शाखा प्रमुख -सदस्य
(झ) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाई प्रमुख-सदस्य सचिव
(२) उपदफा (१) बमोजिमको व्यवस्थापन समितिमा विषय विज्ञ वा सम्बन्धित सरोकारवालाहरूलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराउन सकिनेछ।
(३) समितिको बैठकको कार्यविधि कार्यसमिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।
३२. खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार : खानेपानी सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछन् :
(क) गाउँपालिकाको वास क्षेत्रको दीर्घकालीन योजना (आवधिक योजना), मध्यमकालीन खर्च संरचना (वार्षिक योजना) तर्जुमा, समीक्षा तथा संशोधनका लागि गाउँपालिकालाई आवश्यक सुझाव प्रदान गर्ने,

(ख) गाउँपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरूको मस्यौदा निर्माणमा सहयोग गर्ने

(ग) खानेपानी सरसफाइ उपभोक्ता संस्था दर्ता तथा नविकरण र मुहान दर्ता तथा नविकरणका लागि समवन्धित निकायमा सिफारिस गर्ने ।

(घ) गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष स्थापना गरी सो कोषको सञ्चालन कार्यविधि तयार गर्ने ।

(ङ) खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोषमा विभिन्न दातृ निकायहरूलाई योगदान गर्न प्रोत्साहित गर्ने तथा कोषको उपयोगको वार्षिक सार्वजनिक सुनुवाई तथा पारदर्शी सार्वजनिक सूचना जारी गर्ने व्यवस्था मिलाउने,

(च) खानेपानी सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको निर्णय प्रक्रियामा सहजताको लागि गाउँपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरूको, वार्षिक रूपमा विवरण अद्यावधिक गर्ने गराउने,

(छ) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरूको कार्यसम्पादन मूल्याङ्कन गरी उत्कृष्ट कार्यसम्पादन गर्ने उपभोक्ता संस्थालाई पुरस्कार तथा प्रोत्साहन दिन गाउँपालिकालाई सिफारिस गर्ने,

(ज) गाउँपालिकाभित्र रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूको विवरण तयार पार्ने ।

(झ) गाउँपालिकाभित्रका सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरू बीच प्रभावकारी समन्वय, सूचनाको आदान-प्रदान, अनुभव बाँडफाँड र साझा समस्या समाधानका लागि कार्य गर्ने ।

३३. खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाईको व्यवस्थाः (१) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिका निर्णयहरू कार्यान्वयन गर्न तथा समितिको सचिवालयको काम गर्न गाउँपालिकामा एक खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) शाखा वा इकाई रहनेछ ।

(२) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) शाखा वा इकाईमा गाउँपालिकाले आवश्यक जनशक्तिको व्यवस्थापन गर्नेछ ।

(३) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) शाखा वा इकाईको भूमिका र जिम्मेवारी देहाय बमोजिम रहनेछ ।



CamScanner

(क) वार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता, मर्यादित महिनावारी व्यवस्थापन लगायतका कार्यक्रमहरू कार्यान्वयन गर्ने, समन्वय गर्ने तथा सेवा प्रदायकहरू, स्वयंसेवकहरू, बाल क्लबहरू, आमा समूहहरू तथा सञ्जालहरूले गर्ने कार्यको सहजीकरण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(ख) गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको सूचना प्रणाली स्थापित गरी अद्यावधिक राख्ने तथा आवश्यकता बमोजिम निर्णय प्रक्रियामा सहजीकरणको लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

(ग) उपभोक्ता समितिहरूको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरू संग्रह गर्ने तथा सूचना प्रणाली अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेश गर्ने, प्रतिवेदन प्राप्त नभएका वडाहरूलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरू गठन, पुनर्गठन, गाउँकार्यपालिका कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने र उपभोक्ता समितिहरूको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको मूल्यांकन गर्ने,

(च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरू छनौट गरी पुरस्कृत गर्ने गाउँ कार्यसमितिमा पेश गर्ने, मूल्यांकनमा कमजोर अंक प्राप्त गर्ने उपभोक्ता समितिहरूलाई समिति पुनर्गठन, व्यवस्थापन तालिम तथा अन्य उपायहरू मार्फत सक्रिय बनाउन सहजीकरण गर्ने,

(छ) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरूको आवधिक रूपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना गर्ने,

(ज) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(झ) आपतकालीन तथा ठूलो मर्मतको आवश्यकता अध्ययन गरी आर्थिक सहयोगको लागि समितिमा सिफारिस गर्ने,

(ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरूको दिगोपना व्यवस्थापन सम्बन्धि अन्य क्रियाकलापहरूमा सहयोग तथा सञ्चालन गर्ने,

(ट) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखकरण सहित समितिको सचिवालयको कार्य गर्ने ।

३४. खानेपानी सेवा सहायता केन्द्रः (१) गाउँपालिकामा निर्माण सम्पन्न भएका खानेपानी प्रणालीहरूको नियमित मर्मत संभार र यसको दिगोपनासँग सम्बन्धित रही सेवाको सुचारूपनको सुनिश्चिततताका लागि इकाई मातहतमा खानेपानी सेवा सहायता केन्द्र रहनेछ ।

(२) उपदफा (१) बमोजिमको सेवा सहायता केन्द्रमा गाउँपालिका क्षेत्रका तालिम प्राप्त मर्मत सम्भार कार्यकर्ताहरू सूचीकृत गरी मर्मत सम्भार आवश्यक परेका क्षेत्रमा परिचालन गर्न सक्नेछ ।

(३) सेवा सहायता केन्द्रको व्यवस्थापन तथा परिचालन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३५. वडा कार्यालयहरूको भूमिका तथा जिम्मेवारी : यस ऐनको कार्यान्वयनका लागि वडा कार्यालयको भूमिका तथा जिम्मेवारी देहायबमोजिम रहनेछ ।

(क) गाउँपालिकाका वडा कार्यालयहरू उपभोक्ता समितिहरूको सम्पर्क बिन्दुको रूपमा रहनेछन्,

(ख) सम्बन्धित उपभोक्ता संस्था वा सेवा प्रदायक निकायबाट खानेपानी तथा सरसफाइ योजनाको सञ्चालन तथा व्यवस्थापन अवस्थाको प्रतिवेदन माग गरी त्यसको अभिलेख व्यवस्थापन गर्ने,

(ग) गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाईसँग समन्वय तथा सहकार्य गरी सबै उपभोक्ता समितिहरू दर्ता भएको र गाउँपालिका स्तरीय सूचना प्रणालीमा आबद्ध भएको सुनिश्चित गर्ने,

(घ) वडा स्तरको खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि तथ्यांक अद्यावधिक गरी गाउँपालिकालाई उपलब्ध गराउने,

(ङ) उपभोक्ता समितिहरूले पेश गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) विवरणको आधारमा आयोजना सञ्चालनको अवस्था विश्लेषण गरी सो विवरण गाउँपालिकामा पेश गर्ने,

(च) वडाभित्रका खानेपानी तथा सरसफाइ योजनाहरूको सञ्चालन तथा मर्मत सम्भार अवस्थाको नियमित रूपमा अनुगमन गर्ने ,

(छ) उपभोक्ता समितिहरूको वार्षिक साधारण सभा तथा बैठकहरूमा सहभागि भई आवश्यक मार्गनिर्देशन प्रदान गर्ने,

(ज) गाउँपालिकाबाट तोकेको अन्य कार्य गर्ने ।



CamScanner

३६. समिति गठन गर्न सकिने : गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजनाको कार्यान्वयनका लागि गाउँपालिका तथा वडा स्तरमा विभिन्न समिति तथा उपसमितिहरू गठन गरी परिचालन गर्न सक्नेछ ।

३७. खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको गठन तथा दर्ता: (१) गाउँपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुदायिक हित र सामूहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था गठन गर्न सक्नेछन् ।

(२) खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था गठन नभएका क्षेत्रमा गाउँपालिकाले उपभोक्ता संस्था गठनका लागि आवश्यक सहजीकरण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठन भएका उपभोक्ता संस्थाले दफा ४० बमोजिम विधान तयार गरी संस्था दर्ताका लागि गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता संस्था दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकारीले विधान स्वीकृत गरी उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्ने गरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

(६) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समूह/समितिहरू मध्ये प्रचलित संघीय र प्रदेश कानून बमोजिम यस गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/समूह/समितिहरू यो ऐन लागु भएपश्चात् यस गाउँपालिकामा आफ्नो साविक विधान, दर्ता प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदन र हाल कायम रहेको समिति निर्वाचित भएको प्रमाण पेश गरी उपभोक्ता संस्था दर्ता अद्यावधिक गर्नु पर्नेछ।अद्यावधिक गर्दा गाउँपालिकाको स्वीकृत मापदण्डको पालना गर्नु पर्नेछ । यसरी अद्यावधिक हुदा ६ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति पुन: गठन गर्नुपर्ने छ ।

तर यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नुपर्ने छैन ।

(७) उपभोक्ता संस्थाको दर्ता, सञ्चालन र व्यवस्थापन सम्बन्धी अन्य व्यवस्थाहरू तोकिए बमोजिम हुनेछ ।

३८. नवीकरण गर्नुपर्ने : दफा ३७ बमोजिम गाउँपालिकामा दर्ता तथा अद्यावधिक भएका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र देहायका कागजात सहित नवीकरणका लागि गाउँपालिका समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(क) लेखा परीक्षण गरी सो को प्रतिवेदन,

(ख) वार्षिक प्रगति प्रतिवेदन,

(ग) साधारण सभा सम्पन्न गरी सो को निर्णय पुस्तिका,

(घ) योजना अन्तर्गत रहेका विभिन्न सम्पत्ति संरचनाहरूको अभिलेख ।

३९. खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था सङ्गठित संस्था हुने: (१) यस ऐन तथा प्रचलित कानून बमोजिम दर्ता भएका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही अनुसार नालिस उजुर लाग्न सक्नेछ ।

४०. उपभोक्ता संस्थाको विधान: (१) उपभोक्ता संस्थाको विधान अनुसूची ४ बमोजिम हुनुपर्नेछ ।

(२) खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाको विधानमा स्थानीय आवश्यकता र उपभोक्ता संस्थाले सञ्चालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरू समावेश गर्न सकिनेछ ।

४१. उपभोक्ता संस्थाको क्षमता विकास र प्रोत्साहन : (१) गाउँपालिकाले आफैं वा विभिन्न विकास साझेदारहरूसँगको साझेदारी र समन्वयमा उपभोक्ता संस्थाको आन्तरिक सुशासन तथा व्यवस्थापन दक्षता बढाउनका लागि क्षमता अभिवृद्धि सम्बन्धी अभिमुखीकरण, तालिम, गोष्ठी आदि कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

(२) उपभोक्ता संस्थाको कार्यसम्पादनको मुल्यांकनका आधारमा उपभोक्ता संस्थाको वर्गीकरण गरी उत्कृष्ट संस्थालाई पुरस्कृत गरीनेछ ।



CamScanner

४२. संस्थाहरू एक आपसमा गाभिन वा अलग हुन सक्ने : (१) खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको स्तर अभिवृद्धि एवम् दिगो सञ्चालनका लागि कुनै क्षेत्रमा रहेका खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाहरू एक आपसमा गाभिन वा आवश्यकताका आधारमा अलग अलग हुन सक्नेछन् ।

(२) गाउँपालिकाले कमजोर कार्यसम्पादन भएका तथा स-साना उपभोक्ता संस्थाहरूलाई एक आपसमा गाभ्न तथा मिलान गर्न सक्नेछ ।

४३. मर्मत संभार कार्यकर्ताको व्यवस्था : प्रत्येक अनुमति प्राप्त संस्थाले आयोजनाको नियमित मर्मत सम्भारका लागि कम्तीमा १ जना मर्मत सम्भार कार्यकर्ताको व्यवस्थापन गर्नु पर्नेछ ।

४४. मर्मत संभार कोषको व्यवस्थापन : (१) प्रत्येक उपभोक्ता संस्थाले आयोजनाको दिगो व्यवस्थापनका लागि एक मर्मत संम्भार कोषको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा रहने रकम तथा त्यस्तो कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था सम्बन्धित उपभोक्ता संस्थाले तोकेबमोजिम हुनेछ ।

(३) खानेपानी योजनामा गर्नु पर्ने नियमित स-साना मर्मत सम्भार कार्य उपभोक्ता संस्था आफैले गर्नु पर्नेछ। ठुला मर्मत तथा पुनर्निर्माणको लागि गाउँपालिका, प्रदेश सरकार, संघीय सरकार तथा अन्य साझेदार संस्था मार्फत कोषको व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-९

## खानेपानी तथा सरसफाइको गुणस्तर मापदण्ड सम्बन्धी व्यवस्था

४५. गुणस्तर मापदण्ड तोक्न सक्ने : (१) खानेपानी तथा सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरू नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तर भन्दा न्यून नहुने गरी गाउँपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

४६. गुणस्तर कायम गर्नु पर्ने : (१) उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले दफा ४५ बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।



CamScanner

(२) अनुमति प्राप्त संस्थाले पानीको गुणस्तर कायम राख्न आवश्यकता अनुसार एक वा एक भन्दा बढि प्रविधिहरू अवलम्बन गरी प्रशोधन गर्नु पर्नेछ ।

(३) उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले तोकिए बमोजिम पानी सुरक्षा योजना निर्माण गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(४) गाउँपालिका, उपभोक्ता संस्था र अनुमति-पत्र प्राप्त संस्थाले पानीको गुणस्तर कायम गर्न समुदाय तहमा पानी शुद्धिकरणका घरेलु विधि सम्बन्धी जन चेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

४७. पानीको गुणस्तर जाँच गर्नु पर्ने : (१) गाउँपालिकाले दफा ४६ बमोजिम गुणस्तर कायम भए नभएको जाँच गर्न आफै प्रयोगशाला स्थापना गरी वा अन्य तरिकाले गुणस्तर परीक्षणको व्यवस्था तथा गुणस्तर सुनिश्चितता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आफै प्रयोगशाला सञ्चालन गर्न तत्काल सम्भव नभएमा गाउँपालिकाले पानी परीक्षणका लागि खानेपानी सरसफाइ तथा स्वच्छता शाखामा तालिम प्राप्त जनशक्ति सहित पानी परीक्षण सम्बन्धी हाते बाकस (फिल्ड किट) को व्यवस्था गर्नेछ ।

(३) गाउँपालिकाले कम्तिमा ५० वटा धारा भएको उपभोक्ता संस्थालाई खानेपानीको गुणस्तर जाँच गर्न पानी परीक्षण हाते बाकस (फिल्ड किट) प्रदान गर्न सक्नेछ ।

४८. नदी तथा ताल तलैयाको जल गुणस्तर मापदण्डः सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र बस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरूको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सृजित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मानी गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

४९. फोहोर पानी प्रशोधन गर्नुपर्नेः (१) कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमुत्र सहित वा रहितको फोहोर पानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक/निजी जग्गामा मिसाउन वा पठाउन पाइने छैन ।

(२) कसैले आफूबाट उत्सर्जित फोहोर पानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमा भित्र रही मिसाउनु पर्नेछ ।



CamScanner

(३) गाउँपालिकाले आफैं वा उपभोक्ता संस्थाद्वारा गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहर पानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ ।

## परिच्छेद-१०

### कसुर तथा सजाय

५०. कसुर र सजाय : (१) कसैले देहायको कुनै काम गरे वा गराएमा यस ऐन अन्तर्गत कसुर गरेको मानिनेछ ।

(क) यस ऐनले अनुमति लिनु पर्ने भनी निर्धारण गरेका कार्य अनुमति नलिई गरेमा,

(ख) खानेपानी सरसफाइ तथा स्वच्छता सेवा सम्बन्धी कुनै संरचनामा क्षति पुर्याएमा,

(ग) यो ऐन तथा यस ऐन अन्तरगत बनेको नियम बमोजिम गर्नु पर्ने काम नगरेमा वा गर्न नहुने काम गरेमा ।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ

(क) उपदफा (१) (क) बमोजिमको कसुर गरेमा रू ५००० जरिवाना गरीनेछ।

(ख) उपदफा (१) (ख) र (ग) बमोजिमको कसुर गरेमा क्षति बराबरको क्षतिपुर्ति सहित रू ५००० देखि १०००० सम्म जरिवाना गरीनेछ ।

५१. प्रचलित कानुन बमोजिम सजाय हुने: संघीय खानेपानी तथा सरसफाइ ऐन २०७९ को दफा ४२, फोहोरमैला व्यवस्थापन ऐन २०६८ दफा ३८ र प्रचलित संघीय कानुनले कसुरको रूपमा निर्धारण गरेका कसुर गरेमा सोहि कानुन बमोजिम सजाय हुनेछ।

५२. क्षतिपुर्ति भराई दिन सक्ने : कसैले खानेपानी वा सरसफाइ आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि प्रकारले हानी नोक्सानी वा क्षति पुर्याएमा मुद्दा हेर्ने अधिकारीले उचित रकम क्षतिपुर्ति बापत भराई दिन सक्नेछ ।

५३. अनुसन्धान अधिकारी: यस ऐन अन्तरगत कुनै कसुर भएको उजुरी प्राप्त भएमा गाउँपालिकाले कुनै अधिकृत स्तरको कर्मचारीलाई अनुसन्धान अधिकारीको रूपमा तोकी अनुसन्धान गराउन सक्नेछ ।

५४. कारवाही चलाउने तथा दण्ड जरिवाना गर्ने अधिकारी : यस ऐन बमोजिम दण्ड जरिवाना गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

५५. पुनरावेदन दिन सकिने : दफा ५० गरेको जरिवानाको आदेश उपर चित्त नबुझ्ने व्यक्ति, वा संघ संस्थाले त्यस्तो आदेश भएको मितिले पैतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।



CamScanner

विविध

५६. अनुगमन तथा नियमन : (१) गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको समन्वयमा उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको स्तरका बारेमा नियमित रूपमा अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा गाउँपालिकाको खानेपानी तथा सरसफाइ विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत वा तोकिएका कर्मचारीले उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाद्वारा आपूर्ति गरीरहेको खानेपानी वा विसर्जन गरेको फोहोर पानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा गाउँपालिकाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोरपानीको नमूना परीक्षण गर्दा गुणस्तर तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

५७. विवरण उपलब्ध गराउने: (१) गाउँपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरू सम्बन्धित संघीय मन्त्रालयबाट माग भई आएमा वार्षिक रूपमा र आवश्यकता अनुसार उपलब्ध गराउने छ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका महत्वपूर्ण तथा मुख्य विषयहरू प्रष्ट रूपमा देखिने गरी राखिने छ ।

(३) गाउँपालिकाले उपदफा (२) बोजिम राखेको विवरणलाई अनुगमन र विश्लेषणका लागि उपयोग गर्न सकिनेछ ।

५८. वातावरणीय अनुकुलन : जलवायु उत्थानशील दिगो खानेपानी निर्माणका लागि गाउँपालिका स्तरबाट वातावरणीय अनुकुलन, पुनर्भरण पोखरी, खाल्डो लगायत जैविक विविधता अनुकुलन, वृक्षारोपण जस्ता क्रियाकलापहरूलाई प्रोत्साहन र संरक्षण गर्नु पर्नेछ ।

५९. आपतकालीन खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा : आपतकालीन अवस्थामा गाउँपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको सुनिश्चिततताका लागि प्राथमिकताका साथ कार्य गर्नेछ ।

६०. पुरस्कार सम्बन्धी व्यवस्था: खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई यस गाउँपालिकाले आवश्यक सम्मान तथा पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

६१. अधिकार प्रत्यायोजन: (१) गाउँपालिकाको अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन् ।

६२. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने: यस ऐनमा गरीएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

६३. संसोधन गर्न सक्ने: यस ऐनमा गाउँपालिकाले आवश्यक संसोधन गर्न सक्ने छ ।

६४. बचाउ तथा खारेजी: (१) गाउँपालिकाले खानेपानी तथा सरसफाइका विषयमा यस अधि प्रचलीत कार्यविधि अनुसार गरेका कार्यहरू यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

(२) यस ऐनमा गरीएका व्यवस्थाहरू संघीय तथा प्रदेश कानूनमा गरीएका व्यवस्थाहरूसँग बाभिन गएमा बाभिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरू निष्कृय रहने छन् ।

## अनुसूची-१
## (ऐनको दफा ३७ उपदफा (३) संग सम्बन्धित
## खानेपानीको मुहान दर्ता

मिति ..........................

श्री अध्यक्ष ज्यू
............... गाउँपालिका, ................. ।

महोदय,

हामीले .......................................... खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ को दफा ३७ बमोजिम खानेपानीको मूल दर्ता गराउन देहायको विवरण खुलाइ प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र रू. ........ दस्तुर सहित निवेदन दिएका छौं ।

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिने
......................................................................
नाम
पद
मिति



CamScanner

## अनुसूची - २
### (दफा ३७ को उपदफा (४) संग सम्बन्धित)
### मुल दर्ता प्रमाण पत्रको ढांचा

मिति............................

श्री ................................................

................................................

..............................(सम्बन्धित उपभोक्ता संस्थाको नाम)..................... खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ को दफा ३७ बमोजिम...................साल............... महिना ......... गतेमा यस कार्यालयमा दर्ता गरी यो मूलदर्ता प्रमाणपत्र प्रदान गरीएको छ, जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०५० बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

प्रमाणपत्र दिने अधिकारी

.........................................................

नाम

पद

कार्यालय

मिति

छाप

## अनुसूची-३
### (दफा ४० को उपदफा (१) संग सम्बन्धित)
### उपभोक्ता समिति दर्ताका लागि निवेदनको ढाँचा

मिति: ......................

श्री अध्यक्ष ज्यू
................ गाउँपालिका,
................. ।

विषय :

महोदय,

खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ को दफा ३७ को उपदफा (३) बमोजिम उपभोक्ता संस्था दर्ता गराउन अनुसूची ४ बमोजिमको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एक प्रति विधान र रू. ........ दस्तुर सहित निवेदन दिएका छौं ।

निवेदक,
उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिने
..............................................................
नाम
पद
मिति

## अनुसूची - ४

(दफा ४० को उपदफा (१) सँग सम्बन्धित उपभोक्ता संस्था दर्ता विधानको ढाँचा)

....................संस्थाको विधान, २०.............

प्रस्तावना :

समुदायमा स्वच्छ सुरक्षित गुणस्तरीय खानेपानी तथा सरसफाई सेवामा पहुँच प्राप्त गर्न खानेपानी सरसफाई उपभोक्ता संस्थाले समुदाय परिचालन, खानेपानीको नियमित आपूर्ति तथा स्वच्छ तथा गुणस्तरीय सरसफाई गर्ने उद्देश्य लिई यस संस्थाको सञ्चालनका लागि उपभोक्ता संस्था २०............ को विधान जानकी गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ को अधीनमा रहि तर्जुमा गरिएकोछ ।

### परिच्छेद- १

प्रारम्भ

१. संस्थाको नाम :-........................................ हुनेछ।

अंग्रेजीमा यसलाई.................................................................. भनिन्छ।

(क) संस्थाको कार्यालय रहने ठेगाना :- यस संस्थाको कार्यालय .................. मा रहनेछ ।

(ख) संस्थाको कार्यक्षेत्र :- यस संस्थाको कार्यक्षेत्र प्रारम्भिक रूपमा जानकी गाँपालिका भित्र हुनेछ। प्रचलित कानुनको रित पुर्याई सम्बन्धित स्थानिय तहको पूर्व स्वीकृति लिई नेपालको जुनसुकै स्थानमा पनि शाखा कार्यालय खोली कार्य सञ्चालन गर्न सकिनेछ ।

२. परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "संस्था" भन्नाले ............................... लाई सम्झिनु पर्छ।

(ख) "विधान" भन्नाले .............. को विधानलाई सम्झिनु पर्छ।

(ग) "समिति" भन्नाले यसै विधानको दफा १३ बमोजिम गठित कार्यसमितिलाई सम्झिनु पर्दछ।

(घ) "सभा" भन्नाले यस विधान अनुसार बन्ने साधारण सभा र विशेष साधारण सभालाई सम्झिनु पर्छ।

(ङ) " पदाधिकारी" भन्नाले यस संस्थाको पदाधिकारीलाई सम्झिनु पर्दछ।

(च) " नियम/विनियम" भन्नाले यस विधान अन्तरगत बन्ने नियम र विनियमलाई जनाउँछ।

(छ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो र यस विधान अन्तर्गत बनेको नियममा तोकिए वा तोकिए बमोजिम हुनेछ।

(ज) "गाउँपालिका" भन्नाले जानकी गाउँपालिकालाई सम्झनु पर्नेछ।

(झ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(ञ) "सम्बन्धित कार्यालय" भन्नाले जानकी गाउँकार्यपालिकाको कार्यालय वा समय समयमा नेपाल राजपत्रले तोकेको कार्यालयलाई बुझाउनेछ।

(ट) "सल्लाहकार" भन्नाले यस विधान अन्तर्गत कार्यसमितिले नियुक्ति गर्ने सल्लाहकारलाई जनाउनेछ।

(ठ) "आर्थिक वर्ष" भन्नाले यस संस्थाको हरेक वर्षको श्रावण १ गतेदेखि आषाढ मसान्त सम्मलाई जनाउने छ।

(ड) "सदस्य" भन्नाले यस संस्थाको कुनै पनि सदस्यलाई जनाउनेछ।

(ढ) "ऐन" भन्नाले जानकी गाउँपालिकाको खानेपानी सरसफाइ तथा स्वचछता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ सम्झनु पर्दछ।

३. संस्थाको छाप र चिन्ह :- संस्थाको एउटा छुट्टै छाप र चिन्ह हुनेछ। छाप र चिन्ह अनुसुची १ बमोजिमको ढाँचामा हुनेछ।

तर संस्थाको नाम, छाप र चिन्ह पूर्व दर्ता भएको कुनै संस्थासँग मेल खाएमा संशोधनको प्रकृयाद्वारा तुरून्त संशोधन गरिनेछ।

## परिच्छेद- २

### उद्देश्य

४. संस्थाको उद्देश्य :- यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) यो संस्था मुनाफा रहित जनकल्याणकारी तथा जनहितकारी संस्था हुनेछ।

(ख) ...........................................

(ग) ...........................................

(घ) ...........................................

(ङ) ...........................................

(च) ........................................... आदि।



CamScanner

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरीने कामहरू :

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ।

(ख) संस्थालाई आवश्यक पर्ने आफ्नो भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने र कम्प्युटर, टाईप राईटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्ति गर्ने तथा निजको सेवाका शर्तहरू निर्धारण गर्नेछ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी आफ्नो बैंक खाता सञ्चालन गर्नेछ।

(ङ) विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग संस्थाको उद्देश्यसँग मिल्ने प्रकृतिका कार्यक्रममा सहकार्य गर्न सकिने छ।

## परिच्छेद-३

### सदस्यता सम्बन्धी व्यवस्था

६. सदस्यताको वर्गीकरणः- यस संस्थामा देहाय बमोजिम ४ प्रकारका सदस्यहरूको वर्गीकरण गरीएको छ :

(क) साधारण सदस्यः- यस विधानको दफा ७ अनुसार योग्यता भई सदस्य बनेका सदस्यहरू साधारण सदस्य मानिनेछ।

(ख) आजीवन सदस्यः- दफा ७ अनुसार योग्यता भई चल अचल सम्पति कम्तिमा रू. ............... वा सोभन्दा बढि एकमुष्ट ............... बुझाएमा यस संस्थाको आजीवन सदस्य रहनेछन्।

(ग) संस्थापक सदस्यः- संस्था स्थापना हुदाका बखत संगठित भई क्रियाशिल भएका सदस्यहरू।

(घ) मानार्थ सदस्यः- संस्थाको विकासको निम्ति विशेष योगदान दिएको वा दिने भनी संस्थाले प्रदान गर्ने मानार्थ सदस्य। यस्तो सदस्यता प्राप्त गर्ने व्यक्तिबाट कुनै शुल्क लिईने छैन। निजहरूले संस्थाको निर्वाचनमा उम्मेदवारी दिन र मताधिकार प्रयोग गर्न पाउने छैनन् तर राय सल्लाह र सुझाव दिन सक्नेछन्।

७. सदस्यता प्राप्त गर्नको लागि आवश्यक योग्यता :- यसको विधान र उद्देश्यमा आस्था राख्ने कुनै पनि जात जाति, भाषी र धर्म मान्ने व्यक्ति जो १८ वर्ष पुरा भएका नेपाली नागरीकहरू यस संस्थाको सदस्य हुन पाउने छन्। साथै उक्त

व्यक्तिको मानसिक स्थिति ठिक भएको र संस्थाको हित हुने काम गरेको हुनुपर्नेछ। नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको व्यक्ति हुनु पर्नेछ।

८. संस्थाको सदस्य नियुक्ति हुन वा वहाल रहन नसक्ने अवस्था :-

(१) देहायको कुनै पनि व्यक्ति संस्थाको सदस्य पदमा नियुक्त हुन सक्ने छैन।

(क) गैर नेपाली नागरिक र नेपाली भए पनि १८ वर्ष पुरा नगरेको,

(ख) मानसिक सन्तुलन ठीक नभएको वा अस्वस्थ,

(ग) दामासाहीमा परेको,

(घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरूपयोग गरेको भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भित्र सम्म,

(ङ) सम्बन्धित संस्थाको व्यवसायमा निजी स्वार्थ भएको,

(च) सदस्यता शुल्क बुझाउन बाँकी भएको।

९. देहायका अवस्थामा कुनै पनि व्यक्ति संस्थाको सदस्यमा बहाल रहने छैन :-

(क) दफा ८ उपदफा (१) बमोजिम सदस्य पदमा नियुक्त हुन नसक्ने भएमा,

(ख) साधारण सभाबाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदबाट हटाउने प्रस्ताव पास भएमा,

(ग) सदस्यहरूले आफ्नो पदबाट दिएको राजीनामा स्वीकृत भएमा,

(घ) संस्थाको काम कार्वाहीमा बेईमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा, कुनै व्यक्तिलाई संस्थाको सदस्यता नियुक्ति हुन वा वहाल रहन अयोग्य ठहराउने भन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई सफाईको प्रमाण पेश गर्ने मौका दिनु पर्नेछ।

१०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि :-

(क) परिच्छेद नं. ३ दफा ७ अनुसार योग्यता भई साधारण सदस्य हुन चाहने संस्थाको सिफारिसमा सदस्यता प्रवेश शुल्क बापत रू......... सहित निवेदन पत्र दिएमा सदस्यता प्रदान गर्न सकिने छ।

(ख) साधारण सदस्यता बापत बार्षिक शुल्क रू.......... लाग्नेछ। जुनसुकै महिनामा सदस्य बनेमा वा सदस्यता नविकरण गरेपनि निजले बुझाएको शुल्क सोही सालको चैत्र मसान्तसम्मको लागि मात्र मान्य हुनेछ। अर्को सालको लागि पुनः

नियमानुसार प्रत्येक वर्षको वैशाख........गते भित्र सदस्यता नविकरण गरीसक्नु पर्नेछ।

(ग) सदस्यता प्रदान गर्ने सम्पूर्ण अधिकार कार्यसमितिमा रहनेछ तर यसलाई साधारण सभाबाट अनुमोदन हुन आवश्यक छ।

(घ) आजीवन सदस्यता प्रदान गर्न कार्यसमितिले सिफारिस गर्नेछ र यसबारे साधारण सभाले स्वीकृति दिनु पर्नेछ।

## परिच्छेद - ४

## साधारण सभा तथा बैठक सम्बन्धी व्यवस्था

११. संस्थाको सभा बोलाउने तरिका र सभाका लागि दिनुपर्ने सूचना सम्बन्धी कुराहरू :-

(१) यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक साधारण सभा र

(ख) विशेष साधारण सभा

(२) यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्थापन भएको आ. व. समाप्त भएको मितिले तीन महिना भित्रमा गरीनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र गरीने छ।

(३) यस संस्थाको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने मिति, समय, स्थान र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिईनेछ।

(४) उपदफा (३) बमोजिम बोलाईएको साधारण सभामा गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पून: साधारण सभा बोलाईनेछ।

१२. साधारण सभाको काम कर्तब्य र अधिकार :

(क) कार्यसमितिको निर्वाचन गर्ने।

(ख) कार्यसमितिका पदाधिकारी एवं सदस्यहरू उपर अविश्वासको प्रस्ताव पारित गरी पद मुक्त गर्ने।

(ग) विधानको अधीनमा रहि आवश्यक विनियम स्वीकृत गर्ने, कर्मचारी दरबन्दी सृजना गर्ने र निजहरूको पारिश्रमिक निर्धारण गर्ने।

(घ) संस्थाको वार्षिक नीति, कार्यक्रम र बजेट पारित गर्ने।



CamScanner

(ङ) लेखा परीक्षक नियुक्त गर्ने निजको पारिश्रमिक तोक्ने ।
(च) कार्यसमितिलाई आवश्यक निर्देशन दिने ।
(छ) विधान बमोजिम अन्य कार्य गर्ने ।
(ज) संस्थाको सर्वोच्च अंगको रूपमा रही आवश्यक कार्यसम्पादन गर्ने गराउने ।

१३. कार्यसमिति :-

(क) कार्यसमितिको गठन साधारण सभाबाट हुनेछ । तर प्रथम वार्षिक साधारण सभा नभए सम्मको लागि निम्न बमोजिम अध्यक्ष तथा सदस्य रहेको कार्यसमिति रहनेछ । ऐनको दफा ३७ को उपदफा (४) अनुसार (७ देखि १५) आवश्यक पदाधिकारी राखी तलको ढाँचामा हुनु पर्नेछ ।

| | |
|---|---|
| १. अध्यक्ष | - १ जना |
| २. उपाध्यक्ष | - १ जना |
| ३. सचिव | - १ जना |
| ४. सहसचिव | - १ जना |
| ५. कोषाध्यक्ष | - १ जना |
| ६. सदस्य | ...... जना |

(ख) कार्यसमिति गठन गर्दा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्नेछ । समितिमा कम्तिमा तेत्तिस प्रतिशत (३३%) महिला सदस्य हुनुपर्नेछ । समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एकजना महिला पदाधिकारी हुनुपर्नेछ ।

(ग) कार्यसमितिको कार्यकाल ३ वर्षको हुनेछ ।

(घ) वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै कार्यसमितिमा रहेको सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि कार्यसमितिका सदस्य नियुक्ति, कार्यसमितिद्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद बीचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल सो सदस्य जुन सदस्यको पद रिक्त भई नियुक्त भएको सो सदस्यको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ

(ङ) कार्यसमितिको बैठक आवश्यकता अनुसार कार्यसमितिको अध्यक्षले बोलाउनेछ । जसमा सदस्य संख्याको ५१ प्रतिशत सदस्यले माग गरेमा अध्यक्षले कार्यसमितिको बैठक बोलाउनु पर्नेछ ।

(च) कार्यसमितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनुपर्नेछ ।

(छ) सदस्यहरूको जम्मा संख्याको कम्तिमा ५१ प्रतिशत सदस्यहरू उपस्थित नभई कार्यसमितिको बैठक हुने छैन ।

(ज) कार्यसमितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र उपाध्यक्षको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले छानेको जेष्ठ सदस्यले अध्यक्षता गर्नेछ ।

(झ) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(ञ) कार्यसमितिको बैठकमा छलफल भएको विषय र तत् सम्बन्धमा भएको निर्णयको विवरण (माइन्युट) छुट्टै किताबमा लेखी राख्नुपर्नेछ र सो निर्णयको विवरणमा, बैठकमा उपस्थित सम्पूर्ण सदस्यहरूको कम्तिमा ५१ प्रतिशतको सहि/ छापलाई गणपुरक मानिनेछ ।

(ट) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्यसमितिको निर्णयबाट हुनेछ ।

परिच्छेद -६

पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

१४. पदाधिकारीहरूको काम, कर्तव्य र अधिकारः-

१. अध्यक्ष :-

(क) कार्यसमितिको बैठक सञ्चालन गर्ने,

(ख) बैठकमा निर्णायक मत दिने,

(ग) साधारण सभाले पारित गरेका निर्णयहरूको कार्यान्वयन र रेखदेख गर्ने गराउने,

(घ) संस्थाको सम्बन्धित सम्पूर्ण कुराहरूको रेखदेख, संरक्षण र नियन्त्रण गर्ने गराउने,

(ङ) विभिन्न संस्था वा अन्य निकायसँगको सम्बन्धमा संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने,

(च) संस्थाको पदाधिकारी सदस्यहरूको काम बाँडफाँड गर्ने,

(छ) संस्थाको उद्देश्य प्राप्तिको लागि अन्य कार्य गर्ने ।

२. उपाध्यक्ष :-

(क) अध्यक्षको अनुपस्थितिमा कार्यकारिणी समितिको अध्यक्षता गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने गराउने,

(ग) विधानले तोके अनुसार र अध्यक्षद्वारा प्रत्यायोजित कार्य गर्ने ।

३. सचिवः-

(क) अध्यक्षको निर्देशन अनुसार साधारण सभा र कार्यकारिणी समितिको बैठक बोलाउने,



CamScanner

(ख) संस्थाको दैनिक प्रशासकीय कार्य गर्ने,

(ग) संस्थाको रेखदेख, नियन्त्रण निर्देशन गर्ने तथा विभिन्न व्यक्ति तथा निकायसँग समन्वय र पत्राचार गर्ने,

(घ) साधारण सभामा कार्यकारिणी समितिको तर्फबाट पेश गर्नु पर्ने वार्षिक प्रगति प्रतिवेदन भावी योजना तथा कार्यक्रम प्रस्तुत गर्ने,

(ङ) साधारण सभा र कार्यकारिणी समितिको निर्णय बमोजिम कार्य गर्ने गराउने,

(च) संस्थाको बिल, भौचर, दर्ता, चलानी तथा अन्य आवश्यक कागजात सुरक्षित र पारदर्शिताका साथ राख्ने, राख्न लगाउने,

(छ) बैठकको कार्य सूची तयार गर्ने, सूचना जारी गर्ने, निर्णय पुस्तिका लेख्ने र सुरक्षित
राख्ने ।

४. सह सचिव :-

(क) सचिवको अनुपस्थितिमा निजले गर्ने कार्य गर्ने,

(ख) विधानले तोके अनुसार र सचिवद्वारा प्रत्यायोजित कार्य गर्ने ।

५. कोषाध्यक्ष :-

(क) संस्थाको हिसाब श्रेस्ता दुरूस्त राख्ने,

(ख) आर्थिक प्रतिवेदन तयार गरी साधारण सभा तथा कार्यकारिणी समितिमा पेश गर्ने,

(ग) आर्थिक प्रशासनको कार्य गर्ने,

(घ) आर्थिक हिसाब पारदर्शी रूपमा दुरूस्त राख्ने,

(ङ) बैंकमा खाता खोली कोष स्थापना गर्ने र संस्थाको चल अचल सम्पतिको संरक्षण सम्वर्द्धन र सदुपयोग गर्ने,

(च) प्रत्येक आर्थिक बर्षको हिसाबको लेखा परीक्षण गराउने ।

६. सदस्य :-

(क) नियमित बैठकमा उपस्थित भई सक्रिय रूपमा छलफलमा भाग लिने,

(ख) कार्यकारिणी समितिले दिएको जिम्मेवारी तदारूकताका साथ निर्वाह गर्ने,

(ग) संस्थाको उद्देश्य बमोजिमको काम गर्न क्रियाशिल रहने,

(घ) तोकिए बमोजिमका अन्य कामहरू गर्ने ।

१५. गणपुरक संख्या:- कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरू उपस्थित नभई साधारण सभाको काम कारवाही हुने छैन ।



CamScanner

तर विधानको दफा ११ को उपदफा (४) मा उल्लेख भए बमोजिम पुन: बोलाईएको साधारण सभामा कुल संस्थापक संख्याको ५१ प्रतिशत प्रतिनिधित्व हुने गरी उपस्थित भएमा सभा गर्न बाधा पर्नेछैन ।

१६. संस्थाको कोष :-

(१) संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ, सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरू रहनेछन् :

(क) सदस्यता शुल्क वापत प्राप्त रकम,

(ख) कुनै निकाय वा व्यक्तिले स्वेच्छाले उपलब्ध गराएको अनुदान रकम,

(ग) ऋण ।

विदेशी संस्थाबाट अनुदान रकम लिने भए संस्थाले नेपाल सरकारको पूर्व स्वीकृति लिनेछ ।

१७. खाता सञ्चालन :- संस्थाको अध्यक्ष, सचिव र कोषाध्यक्ष सहित तिन जनाको संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ। प्रचलित ऐन नियम अनुसार रकम खर्च गर्ने तथा सो को श्रेष्ता राख्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था गरीनेछ।

१८. संस्थाको लेखा र लेखा परीक्षण :-

(१) संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ,

(२) संस्थाको लेखा परीक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परीक्षकबाट हुनेछ,

(३) नेपाल सरकार वा प्रमुख प्रशासकीय अधिकृतले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

(४) लेखा परीक्षकको नियुक्ति वार्षिक साधारण सभाबाट हुनेछ । प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परिक्षकको नियुक्ति कार्यसमितिबाट हुनेछ। लेखा परीक्षकको वार्षिक प्रतिवेदन गाउँपालिका लगायत आवश्यकतानुसार सम्बन्धित निकायमा पेश गरीनेछ ।

## परिच्छेद - ७

### निर्वाचन सम्बन्धि व्यवस्था

१९. निर्वाचन सम्बन्धी व्यवस्था :-

(क) प्रत्येक कार्यसमितिको पदावधि पद सम्हालेको मितिले ३ वर्षको हुनेछ । पदावधि समाप्त हुनुभन्दा एक महिना अगावै कार्यसमितिले एक जना निर्वाचन अधिकृत र



CamScanner

दुई जना सहायक गरी तीन जना मनोनयन गरी निजहरूद्वारा निर्वाचनको व्यवस्था गर्नेछ। संस्था दर्ता भएको १ वर्ष भित्र विधान अनुसार चुनाव गराई सो को जानकारी गाउँपालिकालाई दिईनेछ।

(ख) निर्वाचन गर्नु पर्दा एउटा निर्वाचन समिति गठन गरीनेछ। त्यस्तो निर्वाचन समितिले निर्वाचन सम्बन्धी सम्पूर्ण कार्यविधि आफै व्यवस्थित गर्नेछ।

(ग) निर्वाचन सम्बन्धमा निर्वाचन समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ।

(घ) निर्वाचन सम्पन्न भएपछि सो समितिको स्वतः विघटन हुनेछ।

(ङ) निर्वाचन समितिमा रहेका व्यक्तिले उम्मेदवारी दिन पाउने छैनन् तर आफ्नो मताधिकार प्रयोग गर्न सक्नेछन्।

२०. उम्मेदवार हुने योग्यताः-

(क) नेपाली नागरीक,

(ख) कुनै कानूनद्वारा अयोग्य नठहरेको,

(ग) संस्थाको उद्देश्य बमोजिम काम गर्न प्रतिबद्ध रहेको,

(घ) संस्थाको सदस्य हुनुपर्ने।

२१. अविश्वासको प्रस्ताव :-

(क) कार्यसमिति वा समितिका कुनै पदाधिकारी उपर विश्वास छैन भने कुल सदस्य संख्याको एक तिहाई सदस्यले अविश्वासको प्रस्ताव दर्ता गर्न सक्नेछन् , त्यस्तो प्रस्ताव माथि छलफल गरी उक्त प्रस्तावलाई समितिले ३५ दिन भित्र विशेष साधारण सभा बोलाउनेछ र दुई तिहाइ बहुमतबाट अविश्वासको प्रस्ताव पारित भए सिंगो कार्यसमिति वा पदाधिकारी पद मुक्त हुनेछन्। आरोपित व्यक्तिलाई १५ दिन भित्र आफ्नो सफाई पेश गर्ने मौका दिईनेछ। तोकिएको समयमा आफ्नो सफाई पेश नगरे निज स्वतः पद मुक्त हुनेछ।

२२. विधान संशोधन :- कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरूले अनुमोदन गरे पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि गाउँपालिकामा सिफारिस गरी पठाउनुपर्नेछ। सो बमोजिम स्वीकृत भए पश्चात् मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ।

२३. विनियम बनाउन सक्ने :- संस्थाले आफ्नो कार्यसम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियम, निर्देशिका, मापदण्ड बनाउन सक्नेछ र सो को जानकारी प्रमुख प्रशासकीय अधिकृतलाई दिनु पर्नेछ।

२४. तदर्थ समितिः- संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र विधान अनुसारको निर्वाचन कार्य गर्नका लागि समितिको गठन गर्नुपर्नेछ। सो अवधिमा कार्यसमितिले गरेका कामहरू यसै विधान अनुसार भएको मानिनेछ।

२५. संस्था खारेजः-

(१) साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरू संस्थाको हिसाब किताब जाँच गर्नका लागि वा एक भन्दा बढि लेखा परीक्षकहरू नियुक्त गर्न सक्नेछन्। लिक्विडेटर र लेखा परीक्षकहरूको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले संस्था खारेजी सम्बन्धी काम कारवाही गर्नेछन्।

(४) विविध कारणवश संस्था विघटन भएमा यसको चल अचल सम्पति गाउँपालिकाको हुनेछ।

२६. विधान अनुसार हुने :- यस विधानमा उल्लेख नभएका कुराहरू प्रचलित कानून बमोजिम हुनेछन् र यसमा भएका व्यवस्थाहरू प्रचलित कानूनहरूसँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन्।

२७ नियम पालना :- गाउँपालिकाबाट प्राप्त निर्देशन संस्थाले पूर्ण रूपले पालना गर्नुपर्ने छ।

२८. संस्थापकहरूको मन्जुरी :- हामी ................ संस्थाका निम्न संस्थापकहरू यस विधान बमोजिम कार्य गर्न मन्जुर भै विधानमा सहिछाप गर्दछौं।

| क्र.सं. | संस्थापकको नामथर र ठेगाना | पद |
|---|---|---|
| १. | .................................... | अध्यक्ष |
| २. | .................................... | उपाध्यक्ष |
| ३. | .................................... | सचिव |
| ४. | .................................... | सहसचिव |
| ५. | .................................... | कोषाध्यक्ष |
| ६. | .................................... | सदस्य |
| ७. | .................................... | सदस्य |
| ८. | .................................... | सदस्य |
| ९. | .................................... | सदस्य |

### विधानको अनुसूची (१)

१. छाप वण्डाकार / गोलाकार / वा ........................ हुनेछ।
२. ..................... भित्रको घेराको वरिपरि ...................... लेखिएको हुनेछ।
३. छापको ......... स्थानमा स्थापना मिति २०.......... हुनेछ।
४. अन्य कुनै चिन्ह वा विवरण भए सोहि अनुसार व्याख्या गर्ने
५. तपशिल अनुसारको हुने भनि उल्लेखित विवरण अनुसारको छाप, रेखा र चिन्हमा स्पष्ट रूपमा लेखिएको हुनुपर्ने।

### अनुसूची - ५

(दफा ३७ को उपदफा (४) सँग सम्बन्धित उपभोक्ता संस्था दर्ता प्रमाणपत्रको ढाँचा)

दर्ता मिति:

दर्ता नम्बर: मिति : ............

श्री ..........................................

..........................................

.......................(सम्बन्धित उपभोक्ता संस्थाको नाम)................. खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ को दफा ३७ बमोजिम.................साल.............. महिना .......... गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरीएको छ, जलस्रोत ऐन, २०४९ र जलस्रोत नियमावली, २०५० बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला।

प्रमाणपत्र दिने अधिकारीको

..............................

नाम:

पद:

कार्यालय :

मिति :

छाप:



CamScanner

## अनुसूची - ६
### (दफा ३८ सँग सम्बन्धित)
### खानेपानी उपभोक्ता समिति नवीकरणको प्रमाणपत्र ढाँचा

खानेपानी उपभोक्ता समितिको नामः

ठेगाना :

प्रमाणपत्र दर्ता नं.:

प्रमाणपत्र दर्ता मितिः

दर्ता नं.:

नवीकरणको विवरण :

नवीकरण मिति :

नवीकरण बहाल रहने अवधिः

नवीकरण दस्तुरः

नवीकरण गर्ने अधिकारीको दस्तखत र छापः

दस्तखत

नोटः

१) जुन आ.व. मा नवीकरण गरीएको हो सोहि आ.व. को आषाढ मसान्त सम्म मात्र बहाल रहने अवधि कायम हुनेछ ।

२) खानेपानी उपभोक्ता समितिहरू नवीकण गर्नका लागि खानेपानी जाँच गरेको रिपोर्ट अनिवार्य समावेश गरेको हुनु पर्दछ ।

३) नवीकरण गर्दा प्रत्येक आ.व. समाप्त भएको ६ महिना भित्र गरीसक्नु पर्दछ ।

४) आ.व. समाप्त भएको ६ महिना भित्र नवीकरण नगरेमा नियमानुसार विलम्ब दस्तुर लाग्नेछ ।



CamScanner

## अनुसूची ७
### (दफा ३८ संँग सम्बन्धित)
### उपभोक्ता समितिले संस्था नवीकरणका लागि निवेदनको ढाँचा

मितिः ....................

श्री अध्यक्ष ज्यू

................ गाउँपालिका,

................ ।

विषयः नविकरण सम्बन्धमा ।

महोदय,

यस जानकी गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२ को दफा ३८ बमोजिम उपभोक्ता संस्था नवीकरणको लागि निवेदनकासाथ देहायका कागजात सहित गाउँपालिका समक्ष निवेदन पेश गरेका छौं ।

क) लेखापरीक्षण गरी सो को प्रतिवेदन
ख) जिन्सी निरीक्षण प्रतिवेदन
ग) बार्षिक प्रगति प्रतिवेदन
घ) साधारण सभा सम्पन्न गरी सो को निर्णय पुस्तिका

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिने

..........................................................

नाम

पद

मिति

आज्ञाले,

आशिष चौधरी

प्रमुख प्रशासकीय अधिकृत